nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक
30°C । वर्ष :११, अंक : २६ पृष्ठ ४ । शुक्रबार,२७ भदौ २०८२ । FRIDAY, SEPTEMBER 12, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## जेनजीको जायज माग सम्बोधन गर्दै संविधान र लोकतन्त्र जोगाउनुपर्नेमा पर्साका नेताहरू एकमत

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२६ भदौ ।***

पर्साका जिल्लाका राजनीतिककर्मीहरू संविधान रक्षाको पक्षमा उभिएका छन् । जेनजीको आन्दोलन जायज भए पनि व्यवस्था जोगाउनैपर्नेमा पर्साका नेताहरूको जोड छ । उनीहरूले जेनजीलाई अगाडि सारेर देशको लोकतन्त्र मास्ने प्रयास आफूहरूलाई स्वीकार्य नहुने बताएका छन् । नेपाली कांग्रेस पर्साका सभापति एवं मधेश प्रदेश सभा सदस्य जनार्धन सिंह क्षेत्रीले जेनजीले गरेको प्रदर्शन हिंसात्मक बनेको दुःखद घटनाप्रति गहिरो दुःख व्यक्त गरे । उनले अहिलेको व्यवस्थामा रहेका कमी-कमजोरी सच्याउनुपर्ने भए पनि संसद् विघटन, संघीयता खारेजी तथा लोकतन्त्र मास्ने कार्य कुनै हालतमा स्वीकार्य नहुने बताए । नेकपा एकीकृत समाजवादी पार्टीका केन्द्रीय सदस्य एवं युवा नेता मनोज चौधरीले आन्दोलनको क्रममा सहादत प्राप्त गरेका युवाप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारप्रति संवेदना प्रकट गरे । उनले युवाहरूले उठाएका माग सम्बोधनयोग्य भए पनि




लोकतन्त्रलाई धरापमा पार्ने खेलमा प्रतिक्रियावादी शक्तिहरू सक्रिय भएकाले लोकतन्त्रवादी सबै शक्तिहरू एकजुट हुनुपर्ने धारणा राखे । चौधरीले पार्टीको ऐजेन्डा जेनजी आन्दोलनसँग मिल्दोजुल्दो भएकाले सुरुदेखि नै समर्थन रहेको बताए । तर, सबै संवैधानिक बाटो अपनाउनुपर्ने र संवाद प्रक्रियामा राष्ट्रपतिसमेतलाई सहभागी गराउनुपर्नेमा जोड दिए । त्यसैगरी नेकपा एमालेका केन्द्रीय सदस्य अरविन्द सिंहले जेनजी आन्दोलनले उठाएका माग राजनीतिक दलहरूले मात्र पूरा गर्नसक्ने भन्दै त्यसका लागि संवैधानिक बाटो अपनाउनुपर्ने बताए। उनले लोकतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक निर्वाचन प्रणाली, मौलिक हकजस्ता उपलब्धि कुनै हालतमा खोसिन नसक्ने स्पष्ट पारे । लोकतन्त्र राजनीतिक शक्तिविना बलियो नहुने भएकाले जेनजीका साथीहरू सचेत रहनुपर्नेमा उनले जोड दिए । नेकपा माओवादी केन्द्रका नेता एवं मधेश प्रदेश सभा सदस्य रहबर अंसारीले जनताको जायज माग सम्बोधन हुनुपर्ने भए पनि लोकतन्त्रको पक्षमा उभिनुपर्ने बताए । उनका अनुसार

बाँकी तेश्रो पृष्ठमा

## बीरगन्जमा कर्फ्यू र निषेधाज्ञा आदेश जारी

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२६ भदौ ।***

जिल्लाको शान्ति सुरक्षालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय, पर्साले कर्फ्यू र निषेधाज्ञाको आदेश जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले आज एक विज्ञप्ति जारी गर्दै स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम यो आदेश जारी गरिएको जानकारी दिएका हुन् ।
कर्फ्यू दैनिक बिहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म र साँझ ७ बजेदेखि भोलिपल्ट बिहान ६ बजेसम्म लागू हुनेछ । निषेधाज्ञा दैनिक बिहान ६ बजेदेखि १० बजेसम्म र अपरान्ह ५ बजेदेखि साँझ ७ बजेसम्म रहनेछ । यो आदेश पूर्वमा बाईपास रोड, पश्चिममा सिर्सिया पुल, उत्तरमा गण्डक चोक र दक्षिणमा शंकराचार्य गेटसम्म लागू हुनेछ। कर्फ्यूको समयमा एम्बुलेन्स, दमकल, शववाहन, फोहोर बोक्ने गाडी, स्वास्थ्यकर्मी र




सञ्चारकर्मीका सवारी साधनलाई छुट दिइनेछ । यसबाहेक, पर्यटक, मानवअधिकारकर्मी, कूटनीतिक नियोग, नेपाल विद्युत प्राधिकरण, खानेपानी, दूध बोक्ने गाडी र हवाई टिकट भएका यात्रुहरूलाई पनि सुरक्षाकर्मीले सहज रूपमा आवतजावत गर्न दिनेछन् । निषेधाज्ञाको समयमा दैनिक उपभोग्य सामान खरिद गर्न र सामान्य आवतजावत गर्न पाइनेछ । तर, यस अवधिमा ५ जना वा सोभन्दा बढी व्यक्ति जम्मा हुन वा कुनै पनि किसिमको सभा, जुलुस, भेला र प्रदर्शन गर्न पाइने छैन । आदेशको उल्लङ्घन गर्नेलाई प्रचलित कानुनअनुसार कारबाही गरिने प्रशासनले जनाएको छ ।

## पर्साका गाउँपालिकासम्म फैलियो जेन-जी आन्दोलन : जिराभवानीमा आगजनी, अन्य ठाउँमा प्रदर्शन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२६ भदौ ।***

पर्साको जिराभवानी गाँउपालिकाको कार्यालयमा आज दिउसो जेन जीको नाम प्रयोग गर्दै एक समूहले गाउँपालिका अध्यक्षको राजिनामा माग गर्दै प्रदर्शन गरेका थिए । कार्यालयमा कोई पनि नभएको र बन्द रहेकाले प्रदर्शनकारीहरु कार्यालयमा तोडफोड गरेको थियो । करिब एक सय जनाको सो समूहले मुख्य ढोका फोडी कार्यालयमा प्रवेश गरी डिजिटल होडिंग बोर्ड, सोफा, कुर्सी, दराज, कार्यालयको कागजपत्र लगायतका फर्निचर तथा कम्प्युटरको बिद्युतिय सामग्री बाहिर जम्मा गरी आगजनी गरेका थिए। सो आगजानीबाट रोलर गाडीमा समेत क्षति पुगेका छन । सो समूहले कार्यालयको हातामा राखिएको जे सि बी तथा भवनमा ढुङ्गामुडा गर्दा झ्यालको सिसा र जेसिबीमा समेत क्षति पुगेका छन । गाउपालिकाको कार्यालय निजी घर भाडामा लिएर कार्यालय संचालन गर्दै आएका र सो सम्पति निजी भएको हुदा स्थानीय महिलाहरुले प्रतिकार गर्न थाले पछि



प्रदर्शनकारीहरु भागेका थिए । जेन जी वा कुनै पनि समूहले कसैको निजी सम्पत्तिमा क्षति पुर्याउनु गतल भएको स्थानीयको बुझाई छ । प्रदर्शनकारी सो समूहले सेढवा स्थित गाउपालिका अध्यक्ष अनोज चौधरीको घरमा समेत तोडफोड गरेका थिए । समूहले गालीगलौज गर्दै अध्यक्ष चौधरीको घरमा ढुङ्गामूडा गर्दा झ्यालको सिसाहरु फुटेका छन । अध्यक्ष चौधरीको ठूलो बुवा मदेश प्रदेश सांसद शंकर चौधरीले प्रदर्शनकारीहरुलाई समझाई बुझाई फर्काएका थिए । सोही समूहले गाउँपालिका उपाध्यक्ष रेखा चौधरीको घर अगाडी पनि नारा बाजी गरेका थिए। वडा नं १ महादेवपटिमा रहेको उपाध्यक्ष चौधरीको घर अगाडी आगो बाली प्रदर्शन गरेका थिए ।
त्यस्तै पटेर्वासुगौली गाँउपालिकाका कार्यालयको अगाडी पनि समूहले जेन जीको नाम प्रयोग गर्दै जनप्रतिनिधिहरु राजिनामा माग गर्दै प्रदर्शन गरेका थिए । जेन जीले मंगलवारसम्म प्रदर्शन गरी आज वार्तामा बसिरहेको बेला ग्रामीण भेगका कतिपय समूहले व्यक्तिगत रिसिबी तथा स्वार्थका लागि जेनजी को नाम दुरुपयोग गर्दै आन्दोलन गर्ने क्रम बढेको छ ।

## पोखरियामा युवा प्रदर्शन, संविधान रक्षाको माग

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२६ भदौ ।***

जेन-जी पुस्ताको आन्दोलनले प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि देशमा उत्पन्न राजनीतिक शून्यता र अनिश्चितताकाबीच पर्साको पोखरियामा युवाहरूले प्रदर्शन गरेका छन् । प्रधानमन्त्रीको राजीनामापछि देशमा कुनै पनि सरकार नरहेको अवस्थामा अस्थिरता फैलाउने र वर्तमान व्यवस्था नै खारेज गर्ने चलखेल भएको भन्दै उनीहरूले खबरदारी गरेका हुन् ।
प्रदर्शनकारी युवाहरूले 'संविधानको रक्षा गरौं' र 'संसद विघटन गर्न पाइँदैन' जस्ता नारा लगाउँदै सडकमा उत्रिएका थिए । उनीहरूले अहिलेको संविधान र लोकतान्त्रिक व्यवस्थाको सुरक्षाका लागि देशभरका



युवाहरू एकजुट हुनुपर्नेमा जोड दिएका छन् । प्रधानमन्त्री ओलीको राजीनामासँगै नयाँ सरकार गठनको प्रक्रिया र नेतृत्वबारे बहस सुरु भएको छ। तर, यसैबीच विभिन्न शक्तिहरूले राजनीतिक अस्थिरता सिर्जना गर्न सक्ने भन्दै चिन्ता व्यक्त गरिएको छ । प्रदर्शनकारीहरूले अहिलेको संविधान र व्यवस्थालाई बचाउनु नै सबैभन्दा ठूलो चुनौती भएको बताएका छन् । उनीहरूले जेन-जी आन्दोलनले उठाएका सुशासन र भ्रष्टाचार अन्त्यका मागहरूलाई सम्बोधन गर्दै संवैधानिक प्रक्रियाबाट नै अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् ।

## युवालाई "ललिपप" दिइएर झुक्याउने प्रयास भइरहेको छ : प्रभु साह

***बीरगन्ज,२६ भदौ ।***

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले जेनजी पुस्ताको नेतृत्वमा भएको जनआन्दोलनलाई केवल नेतृत्व परिवर्तनमा सीमित गर्ने षड्यन्त्र भइरहेको आरोप लगाएका छन् ।

फेसबुकमार्फत जारी संदेशमा उनले आन्दोलनको मूल उद्देश्य समग्र व्यवस्थामा सुधार, भ्रष्टाचारको अन्त्य र देशको अवस्था सुधार गर्नु रहेको बताए । साहले भने, "भ्रष्टाचार केवल केन्द्रीय सरकारमा नभई प्रदेश र स्थानीय तहमा समेत व्याप्त छ । युवाहरूलाई 'ललिपप' दिएर झुक्याउने प्रयास भइरहेको छ र यसविरुद्ध कडा विरोध आवश्यक छ ।" उनले युवाहरूलाई समस्याको गहिराइमा पुगेर समाधान खोज्न



आग्रह गर्दै भने, "समस्या केवल नेतृत्वमा सीमित नभई सम्पूर्ण व्यवस्थामा समाधान खोज्नुपर्छ, अन्यथा यो जनक्रान्तिको औचित्य पुष्टि गर्न गाह्रो हुनेछ ।"

साहले वर्तमान सङ्कटको निकासका लागि लुटेरा र भगौडाहरूको दलाल दलतन्त्रको अन्त्य, जनपक्षीय अन्तरिम सरकार र जननिर्वाचित संस्थाको सर्वोच्चता सहित नयाँ संविधान आवश्यक रहेको बताए ।

## यातायात बन्द हुँदा अन्तर्राष्ट्रिय व्यापार ठप्प

***बीरगन्ज,२६ भदौ ।***

परिवर्तित राजनीतिक अवस्थासँगै नेपाल-भारत-चीन सीमामा यातायात र सार्वजनिक आवागमन बन्द हुँदा अन्तर्राष्ट्रिय व्यापार ठप्प भएको छ । भन्सार विभागका निर्देशक किशोर बर्तौला अनुसार दुवै देशतर्फ जाँच-पास ठप्प रहेको छ। मुलुकभित्र पनि सार्वजनिक र मालवाहक सवारीसाधनको आवागमन रोकिएको छ । भारतीय सीमा सुरक्षा बलले नेपालबाट भारत जाने यात्रुलाई अधिकांश स्थानमा रोक लगाएकाले अत्यावश्यक सामग्री आपूर्ति समेत प्रभावित भएको छ । नजिकिँदो चाडबाडका लागि आवश्यक सामग्री अभाव हुने संकेत देखिएको छ । चीनतर्फ रसुवागढी नाकामा मितेरी पुल निर्माण अझै पूरा भएको छैन भने सडकसमेत सुचारु छैन। तातोपानी नाका पनि पूर्णरूपमा प्रयोगमा आएको छैन । भारततर्फको व्यापारका लागि यातायात अझै खुलिसकेको छैन । राष्ट्रिय यातायात व्यवसायी महासंघले सुरक्षा प्रत्याभूति नभएसम्म सबै मालवाहक र सार्वजनिक यातायात चलाउन असमर्थ रहने चेतावनी पहिले नै दिइसकेको थियो ।

भदौ महिना देशमा अन्तर्राष्ट्रिय व्यापार बढी हुने महिना मानिन्छ । दशैं-तिहार जस्ता चाडबाडका लागि सामानको ठूलो मात्रा यही समयमा आउने गर्छ ।

## बारामा कर्फ्यू हटाइयो

***बीरगन्ज,२६ भदौ ।***

बारामा जारी गरिएको कर्फ्यू आजदेखि हटाइएको छ । जिल्ला प्रशासन कार्यालय बाराले भदौ २६ गते बिहान ६ बजेदेखि लागू हुनेगरी कर्फ्यू आदेश फिर्ता लिएको हो । प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलका अनुसार भदौ २४ गतेदेखि सुरक्षागत कारणले लगाइएको कर्फ्यू अब आवश्यक नरहेको ठहर गर्दै हटाइएको हो । जेनजी प्रदर्शन उग्र बन्दै गएपछि प्रशासनले पहिलो पटक भदौ २४ गते दिउँसो २ बजेदेखि

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## शान्तिसुरक्षा अपरिहार्य


परिवर्तनका निम्ति शान्तिपूर्ण प्रदर्शन स्वाभाविक हुन्छ । यो नागरिकको अधिकार पनि हो । नवपुस्ता अर्थात् 'जेनजी मुभमेन्ट अलायन्स' ले सामाजिक सञ्जाल खुला गर्नुपर्नेलगायतका माग राखी भदौ २३ गते सुरु गरेको शान्तिपूर्ण सडक प्रदर्शनमा दमन हुन पुग्यो । १९ जना होनहार युवाको ज्यान गयो । कैयौं घाइते भए । फलस्वरूप विद्रोह हुन पुग्यो । विद्रोहले भोलिपल्ट पनि निरन्तरता पायो । तोडफोड र आगजनीसमेत व्यापक हुन पुग्यो । भदौ २४ गते देशव्यापी विद्रोहले सरकारको राजीनामाको मागलाई केन्द्रविन्दुमा राख्यो । त्यस क्रममा शान्तिपूर्ण प्रदर्शन मात्र भएन, तोडफोड र आगजनीका घटना देशभरि भए । भदौ २४ गते दिउँसो नै प्रधानमन्त्री पदबाट केपी ओलीले राजीनामा दिनुभयो । राजीनामा स्वीकृत भएपछि देश नयाँ परिस्थितिमा पुग्यो । प्रमको राजीनामापछि जेनजी मुभमेन्ट अलायन्सले आन्दोलन सफलताको अन्तिम विन्दुमा आइपुगेको प्रस्ट पारिसकेको छ । परिस्थिति सङ्क्रमणको चरणमा छ । न्यायालय, कार्यकारी, विधायिकालगायत देशका भौतिक संरचनामा अकल्पनीय आगजनी र तोडफोड भएको छ । यी सार्वजनिक संरचना जनताका अमूल्य सम्पत्ति हुन् । सरकारी सम्पत्तिका साथै निजी घरसम्पत्तिको तोडफोड, आगजनीले परिस्थिति कुरूप अवस्थातिर लगेको छ । जेनजीका नाममा आफ्नो स्वार्थ पूरा गर्ने समूहले कतिपय ठाउँमा सुरक्षाकर्मीको हातहतियार लुटपाट गर्‍यो । बैङ्क तथा वित्तीय संस्थामा समेत लुटपाट बढ्न थाल्यो । यो सबै अवस्थाको सङ्गीन विश्लेषण गर्दै नेपाली सेनाका सामुन्ने शान्तिसुरक्षा पहिलो कर्तव्य बन्यो ।शान्तिसुरक्षाका निम्ति भदौ २४ गते राति १० बजेदेखि नेपाली सेनाले पहल थालेसँगै परिस्थिति आसलाग्दो भएको छ । लुटपाट गरिरहेकालाई नेपाली सेनाले ठाउँका ठाउँ फेला पारी कानुनी प्रक्रियामा लैजान थालेको छ । काठमाडौँको नयाँ बानेश्वरमा एउटा बैङ्क लुटिरहेको समूहलाई सेनाले तत्कालै कारबाही प्रक्रियामा लगेको भिडियो सार्वजनिक भयो । त्यसले सकारात्मक सन्देश दियो । नेपाली सेनाले शान्तिसुरक्षालाई पहिलो प्राथमिकतामा राखेको छ । विद्यमान जटिल परिस्थितिलाई ध्यानमा राख्दै मुलुकभर बुधबार बेलुकी ५ बजेसम्म निषेधाज्ञा जारी गरेपछि अवस्थामा सुधार आयो । अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयमा काम गरेर फर्कन सजिलो हुने गरी निषेधाज्ञाको समय मिलाइएको छ । त्यस क्रममा भदौ २६ गते अर्थात् आज बिहान ६ बजेसम्म कर्फ्यु आदेश जारी गरी शान्तिसुरक्षालाई उच्च प्राथमिकता दिइएको छ । रक्षा मन्त्रालयमातहतको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले मङ्गलबार जारी गरेको अपिलमा आन्दोलनका क्रममा सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति तोडफोड, आगजनी, लुटपाट, हिंस्रक आक्रमण तथा यौनजन्य हिंस्रक प्रयाससमेत भइरहेका घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ । यस्ता अपराधजन्य गतिविधि नियन्त्रणमा सम्पूर्ण नागरिकसँग सहकार्य गर्न आग्रह गरिनु स्वाभाविक छ । सेनाले आन्दोलनका क्रममा जनधनको क्षतिप्रति पुनः गहिरो दुःख प्रकट गर्दै यस्तो संवेदनशील परिस्थितिमा सुरक्षाकर्मीको प्रयासलाई साथ दिन सबैलाई अनुरोध गरेको छ ।

निषेधाज्ञा तथा कर्फ्युको समयमा अत्यावश्यक सेवासम्बन्धी सवारीसाधन एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीका सवारीसाधन भने सञ्चालन भएकाले नागरिकलाई सहज भएको छ ।नवपुस्ताको परिवर्तनप्रतिको चाहना अब सङ्क्रमणकालीन चरणमा प्रवेश गरेको छ । अब परिवर्तनलाई संस्थागत गर्ने अमूल्य समय आएको छ । त्यसनिम्ति वार्ता र संवादलाई केन्द्रविन्दुमा राख्नु जरुरी छ । आन्दोलनका नाममा हुने कुनै पनि हिंसात्मक प्रदर्शन, तोडफोड, लुटपाट, आगजनी, व्यक्ति तथा सम्पत्तिलक्षित आक्रमण दण्डनीय अपराध हो ।

यस्ता कार्यलाई कडा कारबाही गरिने नेपाली सेनाको चेतावनी स्वाभाविक छ । यसमा सम्पूर्ण देशप्रेमी नागरिकले साथ र सहयोग गर्नु पर्छ । यस्तो बेलामा सही र आधिकारिक सूचनाको ठुलो महत्व हुन्छ । नेपाली सेनाले सम्पूर्ण अवकाशप्राप्त सैनिक, राष्ट्रसेवक, सञ्चारकर्मी र आमनागरिकलाई अफवाह वा भ्रामक समाचारमा विश्वास नगरी आधिकारिक सूचनामा मात्र भरोसा गर्न आग्रह गरेको छ । यो कठिन परिस्थितिमा राष्ट्रिय एकता, सामाजिक सद्भाव र जनजीवन सामान्य राख्न सबैको सहयोग अपरिहार्य छ । अब परिवर्तनलाई संस्थागत गर्ने राजनीतिक संवादको प्रक्रियाले तत्काल गति लिनु पर्छ । शान्तिसुरक्षालाई पहिलो प्राथमिकता दिई मानवीय उद्धारमा पनि लाग्नुपर्ने छ । घाइतेको उपचारमा सहयोग आवश्यक छ ।

# सरकार सक्दो छिटो

**डा. विशालकुमार भण्डारी**



नेपाली इतिहासमा जेन-जीले नयाँखाले इतिहास रचेका छन् । उनीहरूको विद्रोहले नेपाली जनताको एजेन्डालाई स्थापित गरेका छन् । एजेन्डालाई पूर्ण कार्यान्वयनका लागि स्वीकार्य नेतृत्वको आवश्यक हुन्छ, जुन जेन-जीसँग छैन । बुधबार बेलुकासम्म पनि जेन-जीले ठोस निर्णय दिन सकेका छैनन् । जेन-जीको नेतृत्वको विकास हुने सुरुवाती चरणमै थियो । अझ भनौं नेतृत्व विकासका लागि छलफलसमेत भएको थिएन । सो बेला जेन-जीले विभिन्न समूहमा रहेर गरेको आन्दोलनले तत्कालै सफलता पाएका कारण पनि आफूभित्रै सर्वस्वीकार्य नेतृत्व छान्न समय नपुगेको देखिन्छ । उनीहरूबीच एजेन्डामा खासै बिमित नहुँदा नहुँदै पनि सामूहिक निर्णय र नेतृत्व अभाव रहेको देखिन्छ । सम्भवतः यही कारण आन्दोलन सम्पन्न भएको झन्डै ४८ घण्टा बित्दासमेत उनीहरूले अन्तरिम सरकार हाँक्ने नेतृत्वको नाम प्रस्ताव गर्न सकेनन् । राजनीतिमा रात रहे अग्राख पलाउँछ भनिन्छ । समय बित्दै जाँदा नयाँ परिस्थिति निर्माण हुँदै जान्छ । यो विषयमा जेन-जीका साथै विद्यमान राजनीतिक दलहरू सचेत हुनुपर्ने देखिन्छ । त्यो नहुने हो भने अहिले भइराखेका उपलब्धिहरू समेत गुम्ने अवस्था सिर्जना हुन सक्छ । जेन-जीको आन्दोलनले मुलुकमा उथलपुथल ल्याएपछि शक्तिशाली नागरिक सरकार गठन हुनुपर्ने विषय स्थापित भएको छ । दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसको सिन्डिकेटका कारण उकुसमुकुस हरेक तह र तप्काका जनताले समेत यो विषयलाई जनस्तरबाट स्वीकार गरेको देखिन्छ । राष्ट्रपतिले यो भन्दा पर गएर अहिले निर्णय गर्न सक्ने अवस्था देखिँदैन । जेन-जीले आफू सम्मिलित नागरिक सरकारको प्रसंगलाई अघि सारेका छन् । नागरिक सम्मिलित सरकार अहिलेका संविधानले कल्पना गरेको विषय होइन । खिलराज रेग्मी मोडलको सरकार अहिले निर्माण गर्न समेत केही संवैधानिक र कानूनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । तर त्यसका लागि समय र अवस्था दुवै देखिन्न । संविधान बाहिर रहेर गरिने निर्णयले सरकारको स्थायित्वमा समेत असर पुग्न सक्छ । कुनै कुनै अवस्थामा ठूलै जटिलता सिर्जना गर्न सक्छ । त्यसका लागि पर्याप्त कानुनी आधार र अभ्यासहरू केलाउन जरुरी देखिन्छ । हुन त दक्षिण एसियाली मुलुक बंगलादेश र श्रीलंकाको अनुभवसमेत लिन सकिन्छ । बंगलादेशमा नागरिकस्तरको सरकारले सन् २०२६ को फेब्रुअरीभित्र निर्वाचन सम्पन्न गर्दैछ । राष्ट्रपतिसँग यसबाहेक अन्य विकल्पहरू पनि हुन सक्छन् । त्यो भनेको वर्तमान संविधानअनुसार सरकारको नेतृत्व खोजी गर्ने । तर त्यो विकल्प जेन-जीले उठाएको आन्दोलनको म्यान्डेटभन्दा पर हुन जान्छ । त्यसले विवाद सिर्जना गर्न सक्छ । जेन-जीले उठाएको मागभन्दा फरक निर्णय गर्नका लागि थप समय र बहसका लागि अहिले समय छैन । सरकारविहीनताको अवस्था यथाशक्य अन्त्य आवश्यक छ । अहिलेको संसद् र राजनीतिक दलहरूले आफ्नो वैधता गुमाएको देखिन्छ । स्वयमं संसद्हरूले समेत सो विषय स्वीकार गरेका छन् । केही दलका सांसदहरूले राजीनामा समेत गरिसकेको अवस्था छ । तसर्थ, नयाँ निर्वाचनको विकल्पको विषयमा खासै विवाद नहुन सक्छ । जेन-जीले आन्दोलन चलिरहेका बखत आम मानिसहरूले अबको नेतृत्व बालेन साहबाट हुनुपर्ने चाहना गरेका छन् । युवाहरूको सहरी विद्रोहले युवा पुस्ताबाटै नयाँ प्रधानमन्त्री बनाउँदा सकारात्मक सन्देश जान सक्छ । तर त्यसका लागि समेत सम्बन्धित व्यक्तिले रुचि देखाउनुपर्ने हुन्छ । दुई ठूला लोकतान्त्रिक भनिएका दलको राजनीतिक परिधि र घेरा निक्कै साँघुरो छ । अस्तित्व संकटबाट बच्न यस विषयमा उनीहरू समेत खुला हुनुपर्ने देखिन्छ । यही कारण दुई ठूला दल र जनताबीच निकै दूरी बढेको थियो । जेन-जी पुस्तासँग पुराना दलहरू जोडिन सकेनन् । अझ भनौं त्यो स्पेस बनेन । त्यो दूरीलाई कम गर्न समेत नयाँ निर्वाचन थोरै भए पनि उपयोगी हुन सक्छ । समाजमा रहेको विद्यमान उकुसमुकुसबारे राजनीतिक दलका युवा नेता, केही संसद्, मिडिया, नागरिक समाजलगायतले औपचारिक र अनौपचारिक फोरममा आवाज उठाएका थिए । दम्भी चरित्रका नेता केपी ओली र उनका सत्ता साझेदार शेरबहादुर देउवाले परिस्थितिको सही आकलन गर्न नसकेका कारण उनीहरू स्वयम् र आफ्नो पार्टीको प्रभावलाई निमेषभरमै समाप्त गरिदियो । उनीहरूको राजनीति यात्रा नै विश्राम हुने गरी युवाहरूले विद्रोह गरे । देउवामाथि आक्रोशित भिडले आक्रमणको स्थिति बन्यो । राजनीतिक हिसाबमा यो दुर्भाग्यपूर्ण अवस्था हो । भनिन्छ, समय र परिवेशषलाई राम्रोसँग बुझ्न नसक्ने नेता, निश्चित कालखण्डमा सकिन्छन् । ओली र देउवाको हकमा पनि यो भनाइ लागू हुन्छ । उनीहरूले आफ्नो दलको नेतृत्व सहजै हस्तान्तरण नगरे उनीहरूमाथि नैतिक र सामाजिक प्रश्न उठ्नेछ । जेन-जीको आन्दोलनले

बाँकी तेश्रो पृष्ठमा

# जेन-जीको सपना भर्सेस सरकारी दमन

**डा. शशी थापा पण्डित**

नेपालका सडकहरू अचानक रगतले रातै भए । ती रगतका छिटाहरू कुनै अपरिचितका होइनन्– देशकै भविष्य बोकेका जेन-जी पुस्ताका थिए । आमा-बुवाको आशा, समाजको आधार र राष्ट्रको भविष्य मानिएका ती युवाले 'भ्रष्टाचार रोक, सुशासन देऊ, मातृभूमिमा बाँच्न देऊ' भनेर उठाएका स्वरलाई सरकारका बन्दुकहरूले दबाइदिए । र यसरी सोमबार राजधानीमा १९ जेन-जी युवा सरकारको दमनको निशाना बने । निशानामा पर्ने कोही मेडिकल पढ्ने सपना देखिरहेका थिए त कोही विदेश जाने बाध्यतालाई तोडेर स्वदेशमै केही गर्ने आकांक्षा पालिरहेका थिए । कोही आमाको काखमै हुर्किएका बालक थिए, जसले अझै भविष्यलाई बुझ्न बाँकी थियो । तर उनीहरूको जीवन राज्यको गोलीसँगै ढल्यो । जेन-जी सन् १९९७ देखि करिब २०१२ सम्म जन्मिएको पुस्ता हो । खासमा इन्टरनेट, मोबाइल, सामाजिक सञ्जाल, स्मार्टफोन आदिसँगै हुर्केका डिजिटल पुस्ता हो यो । जुन पुस्ता विश्वका घटनासँग चाँडै जोडिने, अन्तर्राष्ट्रिय जानकारी सजिलै पाउनेमा पर्छ । असमानता, भेदभाव, भ्रष्टाचार र अन्यायविरुद्ध आवाज उठाउने प्रवृत्ति रोजगारी, उद्यमशीलता, सीपमा बढी ध्यान दिने यो पुस्ता फरक-फरक विचार र पहिचानलाई खुलेर लिने गर्छ । नेपालमा करिब १८-२५ वर्ष उमेरका युवा अहिले 'जेन-जी'को सक्रिय प्रतिनिधि मानिन्छन् । यो पुस्ताले शिक्षा, रोजगारी, पलायन, सुशासन र भविष्यप्रति चिन्तित भएर आन्दोलन, अभियान वा सामाजिक गतिविधिमा उनीहरूको उपस्थिति देखिन्छ । नेपालको सामाजिक, राजनीतिक यथार्थ आज दारुण विडम्बनामा उभिएको छ ।

एकातिर नेताका छोराछोरी र उच्च पदस्थ व्यक्तिका सन्तान– जसलाई आज नेपो बेबी भनिन्छ- जो बाबुआमाको पद, शक्ति र सम्पर्कको भरमा सिधै अवसर, जागिर, सुविधा र विलासी जीवन पाएका छन् । उनीहरूको सफलता क्षमताभन्दा बढी वंश र पहुँचमा आधारित छ । तर अर्कोतर्फ सर्वसाधारणका छोराछोरी भने केवल बाँच्नकै लागि घर-आँगन छाडेर विदेशी भूमिमा पसिना बगाउन विवश छ । त्यस्तै, नेपालमा 'नेपोटिज्म' अर्थात् भाइ-भतिजावाद गहिरो रूपमा जरा गाडेको छ । ठूला नेताका छोराछोरीलाई जागिर, राजनीतिक पद, ठेक्का, व्यावसायिक साझेदारी सजिलै खुला हुन्छ । उनीहरू महँगो विद्यालय, महँगो विश्वविद्यालयमा पढ्छन्, महँगो गाडी चढ्छन् र महँगो जीवनशैलीमा रमाउँछन् । उनीहरूको भविष्य सुरक्षित हुन्छ किनभने राज्य नै उनीहरूको संरक्षणमा हुन्छ ।

तर साधारण परिवारका युवाहरूको कथा बिल्कुल फरक छ । काम र अवसर नपाएर उनीहरू विदेशी भूमिमा श्रमिकका रूपमा जान बाध्य छन् । मध्यपूर्वदेखि मलेसिया, कोरिया, जापान, अमेरिका र युरोपसम्म नेपाली युवा आफ्नो श्रम बेचेर अपमान र पीडासँगै न्यूनतम ज्यालामा बाँचेका छन् । उनीहरूलाई विदेशी भूमिमा दोस्रो दर्जाको नागरिक झैं व्यवहार गरिन्छ । न त उनीहरूको श्रमको उचित मूल्य पाउँछन्, न त आत्मसम्मान नै । वर्तमान समयमा ५० लाखभन्दा बढी नेपाली युवा विदेशमा श्रम गर्न विवश छन् । कतिपय त आफ्नो सीप, योग्यता र पढाइ विदेशमै बेचिरहेका छन् ।

देशभित्र अवसर नदेखेका कारण उनीहरू विदेशी भूमिमा पसिना बगाइरहेका छन् । यो अवस्था युवामात्रको समस्या होइन, समग्र राष्ट्रको अस्मिता र भविष्यकै संकट हो । यही असमानता, अन्याय र विभेदविरुद्ध जेन-जी पुस्ताले स्वर उठाएका हुन् । जेन-जीको आन्दोलनमा ऊर्जा थियो, परिवर्तनको सपना थियो, अनि आफ्नै देशमा भविष्य खोज्ने हिम्मत थियो र छ पनि । उनीहरूको माग जुन भ्रष्टाचार बन्द गर, सरकारी संरचनामा गहिरो रूपमा पैसाको खेल बन्द गर, नेपो बेबीलाई मात्र होइन, अवसरको असमान वितरण खारेज गर, सबैलाई बराबरी अवसर देऊ, बेरोजगारीको त्रासदी हटाऊ, सुशासन कायम गर, युवालाई देशमै बाँच्न सक्ने वातावरण बनाइदेऊ, अवसर स्वदेशमै चाहिन्छ, बिदेश पलायन होइन जस्ता सरल खालका माग छन् । 'जेन-जी' अर्थात् सन् १९९७-२०१२ को बीचमा जन्मिएका युवा पुस्ताले पहिलो पटक ठूलो स्वरमा सरकारविरुद्ध आक्रोश पोखेका छन् । आजको दिन नेपालका इतिहासमा एउटा महत्वपूर्ण मोडको रूपमा स्मरणीय बनेको अवस्था छ । नेपाल सरकारमाथि लामो समयदेखि भ्रष्टाचारको आरोप लाग्दै आएको छ । ठेक्का प्रणालीदेखि जागिरमा घुस, चिकित्सा शिक्षा, पूर्वाधार निर्माण, ऊर्जा आयोजना– सबैतर्फ भ्रष्टाचारको चक्र देखिएको छ । यसकै परिणामस्वरूप युवाहरूमा निराशा चुलिँदै गएको हो । आफूले मेहनत गरेर पनि अवसर नपाउने र पैसाले मात्रै बाटो खोल्ने व्यवस्थाप्रति उनीहरूको आक्रोश सडकमा विस्फोट भएर निस्कियो । जुन राजधानीमा मात्र होइन, देशैभर जेन-जी पुस्ताले सरकारको विरोधमा शान्तिपूर्ण रचनात्मक आन्दोलन थालेका थिए । उनीहरूको नाराहरूमा आशा थियो, क्रान्तिको चेतना थियो र नयाँ नेपाल निर्माणको आकांक्षा थियो । दुर्भाग्यवश राज्यले फेरि पुरानै शैली अपनायो । आन्दोलनलाई सुन्नेभन्दा दबाउने कार्य गर्‍यो । सुरक्षाबलमार्फत गरेको गोली प्रहारमा ज्यान गुमाउनेहरू यही देशका सपनाहरू थिए । उनीहरू नै भविष्य थिए । सरकारको गोलीले जेन-जीका शरीरलाई रोक्न सक्छ तर उनीहरूको सपना र आवाजलाई थाम्न सक्दैन । आज मारिएका युवाले देखाएको साहसले नयाँ पुस्तामा अझ ठूलो प्रतिरोधको बिउ रोपेको छ । इतिहास साक्षी छ जब युवालाई अन्याय र हिंसाले दबाइन्छ, त्यहीँबाट परिवर्तनको आँधी उठ्छ । जेन-जी पुस्ताको आन्दोलन केवल सरकारविरुद्धको विद्रोह मात्र होइन, यो असमानता, भ्रष्टाचार र पलायनविरुद्धको ऐतिहासिक घोषणा हो । आज सरकारको गोलीबाट ढलेका युवाको बलिदान जसले भोलिको नेपाललाई स्वतन्त्र, पारदर्शी र अवसरले भरिपूर्ण बनाउने बाटो देखाउनेछन् । नेपो बेबीहरूको विलासिताले समाजमा असमानताको गहिरो खाडल खनेको छ । त्यस खाडललाई पुरेर सबै युवालाई समान अवसर दिने मार्ग प्रशस्त भने जेन-जी पुस्ताले देखाएका छन् । उनीहरूको बलिदान केवल एक आन्दोलनको अन्त्य होइन, भोलिको न्यायपूर्ण र पारदर्शी नेपाल निर्माण गर्ने बिउ हो । युवा पुस्ताको आवाज सुन्नु त परै जाओस्, सरकार त उल्टै आफ्नै भविष्यलाई

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## "लोकतन्त्रका लागि खतरा" : ट्रम्पका सहयोगी चार्ली कर्कको हत्या प्रकरणमा कसले के भने ?

***काठमाडौं,२६ भदौ ।***

अमेरिकी दक्षिणपन्थी कार्यकर्ता तथा राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट सहयोगी चार्ली कर्कको राजनीतिक हत्यापछि विश्व नेताहरूले राजनीतिक रूपमा प्रेरित हिंसाको खतराबारे चेतावनी दिएका छन् । केवल ३१ वर्षको उमेरमा रूढीवादी राजनीतिमा उदाउँदो शक्तिशाली स्वर बनेका कर्कलाई युटाको युटाह भ्याली विश्वविद्यालयमा एक कार्यक्रममा बोल्दै गर्दा गोली प्रहार गरिएको थियो । "यो अमेरिकाका लागि कालो क्षण हो", राष्ट्रपति डोनाल्ड ट्रम्पले हत्या भएको केही घण्टापछि ट्रुथ सोसलमार्फत जारी भिडियो सन्देशमा भने । उनले कर्कलाई 'सत्यका लागि शहीद' को उपाधि दिँदै भने, "मेरो प्रशासनले यस अत्याचारमा संलग्न हुने हरेकलाई पत्ता लगाउनेछ, जसमा यसलाई कोष वा समर्थन गर्ने संस्थाहरू पनि पर्नेछन् ।"क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले एक्समा लेखेका छन्, "चार्ली किर्कको हत्याबाट म




स्तब्ध छु । राजनीतिक हिंसाको कुनै औचित्य छैन । यसको हरेक कार्यले लोकतन्त्रलाई गम्भीर खतरा पुऱ्याउँछ ।"बेलायती प्रधानमन्त्री किर स्टार्मरले एक्समा भने, "हामी सबै डरबिना स्वतन्त्र रूपमा बहस गर्न सक्षम हुनुपर्छ । राजनीतिक हिंसाको कुनै औचित्य हुन सक्दैन ।" इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले एक्समा लेखिन्, "यो नृशंस हत्या लोकतन्त्र र स्वतन्त्रतामा विश्वास गर्नेहरूका लागि गहिरो घाउ हो । उहाँका परिवार, प्रियजन र अमेरिकी रूढीवादी समुदायप्रति मेरो गहिरो समवेदना छ ।"इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने, "चार्ली किर्कको हत्या सत्य बोलेको र स्वतन्त्रताको रक्षा गरेको कारणले भएको हो । उहाँ इजरायलका सच्चा मित्र हुनुहुन्थ्यो, जसले झूटविरुद्ध लड्नुभयो र यहुदी-ईसाई सभ्यताका लागि उभिनुभयो ।"नेतान्याहुले थपे, "मैले दुई हप्ताअघि मात्रै उहाँसँग कुरा गरेको थिएँ र उहाँलाई इजरायल भ्रमणको निम्तो दिएको थिएँ । दुर्भाग्यवश, त्यो भ्रमण अब सम्भव हुने छैन ।"

## अमिबा रोगका कारण भारतमा ६ जनाको मृत्यु

***काठमाडौं,२६ भदौ ।***

भारतको केरला राज्यमा अमिबिक मेनिन्गोएन्सेफलाइटिस अर्थात् मस्तिष्क खाने अमिबा रोगका कारण मृत्यु हुनेको सङ्ख्या ६ पुगेको छ । वरपरका जिल्लाहरूमा यो रोग तीव्र गतिमा फैलिरहेको भन्दै स्वास्थ्य विज्ञहरूले सबै मानिसहरूलाई विशेष सावधानी अपनाउन सल्लाह दिएका छन् । हालैका वर्षहरूमा भारतमा कयौं प्रकारका सङ्क्रामक रोगहरूको घटना द्रुत गतिमा बढेका छन् । यी रोगहरूबाट सबैभन्दा बढी प्रभावित राज्यहरूमध्ये केरला शीर्ष स्थानमा छ । हालैका महिनाहरूमा केरलामा मस्तिष्क खाने अमिबाको सङ्क्रमण ठुलो खतराको रूपमा देखा परेको छ । यो रोग विशेष गरी कोझिकोड जिल्ला र यसको वरपरका क्षेत्रहरूमा धेरै छिटो फैलिरहेको बताइएको छ । बिहीबार कोझिकोड मेडिकल कलेजमा यस रोगबाट थप एक बिरामीको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । योसँगै केरलामा



अमिबिक मेनिन्गोएन्सेफलाइटिसका कारण मृत्यु हुनेको कुल सङ्ख्या ६ पुगेको छ । मेडिकल कलेजका अधिकारीहरूका अनुसार, बिहीबार मृत्यु भएका शाजीलाई अगस्ट ९ मा अस्पतालमा भर्ना गरिएको थियो । अवस्था गम्भीर बन्दै गएर बिहीबार बिहान उनको मृत्यु भयो । उनलाई सङ्क्रमण कसरी भयो भन्ने कुरा अझै पुष्टि हुन बाँकी नै रहेको बताइएको छ । अमिबिक मेनिन्गोएन्सेफलाइटिस मुख्यतया दूषित पानीमा रहेको अमिबाको सम्पर्कबाट हुन्छ । हाल कोझिकोड मेडिकल कलेजमा १० जना सङ्क्रमित बिरामीको उपचार भइरहेको छ । यसअघि सोमबार मलप्पुरम जिल्लामा ५४ वर्षीया महिलाको पनि यस रोगबाट मृत्यु भएको थियो । जुलाईदेखि सङ्क्रामक रोगका निरन्तर घटनाहरू पछि स्वास्थ्य अधिकारीहरूले राज्यका उत्तरी जिल्लाहरूमा इनार र पोखरीको क्लोरिनेशन सहित सफाइ अभियानलाई तीव्र बनाएका छन् । सबै मानिसहरूलाई निवारक उपायहरू अपनाउन जारी राख्न सल्लाह दिइएको छ ।

## इन्डोनेसियामा भीषण बाढी, १९ को मृत्यु, १० बेपत्ता

***काठमाडौं,२६ भदौ ।***

भारी वर्षापछि आएको बाढीले इन्डोनेसियाको बाली टापु र पूर्वी नुसा तेङ्गारा प्रान्तमा कम्तीमा १९ जनाको ज्यान लिएको छ भने १० जना अझै बेपत्ता भएका छन् । बालीस्थित राष्ट्रिय खोजी तथा उद्धार एजेन्सीकी प्रवक्ता गुस्ती आयु केतुत विजयन्तीका अनुसार आकस्मिक बाढीमा बालीमा मात्र १३ जनाको मृत्यु भएको र छ जना बेपत्ता छन् । साथै विभिन्न क्षेत्रमा १८ वटा भूस्खलन र बाढीको खबर आएको छ । देशको मौसम विज्ञान, जलवायु विज्ञान तथा जियोफिजिक्स एजेन्सीले मङ्गलबार र बुधवारबिच बालीका केही भागमा एक सय ५० मिलिमिटरसम्म वर्षा रेकर्ड गरिएको जनाएको छ । यस सप्ताहभरि भारी वर्षा निरन्तर हुने चेतावनी पनि दिइएको छ । पूर्वी नुसा तेङ्गारा प्रान्तमा बाढीले घर र खेतीयोग्य जमिनमा ठुलो क्षति पुऱ्याएको छ, जसका कारण स्थानीय बासिन्दाहरूलाई सुरक्षित उच्च स्थानमा जान बाध्य बनाएको छ । प्रान्तीय विपद् व्यवस्थापन तथा न्यूनीकरण एजेन्सीका आपत्कालीन एकाइ प्रमुख ग्यास्पर लोसा मनिसाका अनुसार त्यहाँ छ जनाको मृत्यु भएको र चार जना बेपत्ता छन् । उद्धार कार्य जारी छ । इन्डोनेसियामा सामान्यतया नोभेम्बरदेखि अप्रिलसम्म वर्षा ऋतु रहन्छ । यस अवधिमा बाढी, भूस्खलन र सम्बन्धित रोगहरूको जोखिम उच्च हुन्छ । तर जलवायु परिवर्तनका कारण वर्षा ऋतु लामो हुँदै गएको र हालका वर्षहरूमा तीव्र वर्षा बढेकाले प्रकोप अझ गम्भीर बन्न थालेको विज्ञहरूले जनाएका छन् ।

### सरकार सक्दो छिटो.........

अहिलेका राजनीतिक दल र नेताको विकल्प खोजेको देखिन्छ । नयाँ पुस्ता अर्थात् मिलिनियल र जेन-जी पुस्ताको राजनीतिक सुजबुझ निकै माथि पुगेका छ । दलहरूको निर्णय गर्ने ठाउँमा युवाको राजनीतिक सहभागिता क्षीण रहेकै कारण युवाहरू विद्रोहमा उत्रिनु परेको हो । दलका युवाहरूमा राजनीतिक चेत भए पनि अवसरका लागि ठूला नेतासँग भर पर्नुपर्ने बाध्यताका कारण पार्टीभित्र विद्रोहको अवस्था छैन ।

त्यही कारण दलहरूमा सिर्जनात्मकता नै हराएको देखिन्छ । अब, दलहरूले नयाँ पुस्ता नसमेट्ने हो भने ती दलहरू नै समाप्तिको बाटोमा जानेछन् । अब कि युवाहरूको नेतृत्वमा नयाँ दल बन्छ वा पुराना दलहरू नयाँ पुस्ताले नेतृत्व गर्नेछन् । यो बाध्यात्मक अवस्था जेन-जीको आन्दोलनले स्थापित गरिदिएको छ । एजेन्डाका रूपमा केही महत्वपूर्ण विषयहरू उठान भएका छन् । केपी ओलीको निवर्तमान सरकार र संसद् आफ्नो वैधता गुमाइसकेका कारण नयाँ निर्वाचन हुनुपर्ने, देशभर ठूलो धनजन क्षति गराउन संलग्नहरूमाथि छानबिन गर्न समिति बनाउनुपर्ने, नेताहरूको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग बनाइनुपर्ने लगायत धेरै विषय सामाजिक सञ्जालमा बहस भइरहेका छन् । साभार अन्नपूर्ण पोस्ट ।

### जेन-जीको सपना.............

मर्ने बनाइदिन्छ । सुशासन माग्दा, भ्रष्टाचार बन्द गर भन्नेसम्म गरेको अपराध हो र ? सत्ता र कुर्सीको उन्मादमा डुबेको सरकारले सन्तान नै मारेको छ । यस्तो संवेदनहीनता इतिहासले कहिल्यै माफ गर्ने छैन । आज ढलेका जेन-जी युवा केवल पीडित मात्र होइनन्, उनीहरू परिवर्तनका बलिदानी हुन् । उनीहरूको रगतले भविष्यको बाटो कोरेको छ । इतिहासले हरेक गोलीको जवाफ माग्छ, हरेक बलिदानलाई सम्झिन्छ । र, यही बलिदानबाट नयाँ युग जन्मिन्छ । जेन-जीको रगतले सरकारको दमनलाई उजागर मात्र गरेको छैन, यसले सम्पूर्ण राष्ट्रलाई आँसु र आक्रोशमा डुबाएको छ । तर ती आँसुहरू निष्क्रिय रहने छैनन् । उनीहरू नै भोलि ऊर्जा र परिवर्तनको शक्तिमा परिणत हुनेछन् । साभार अन्नपूर्ण पोस्ट ।

### किन नेतृत्वविहीन........

सामाजिक सञ्जाल खोल्नेजस्ता माग दोहोर्याइरहेका छन् भने अरूले अझ फरक मुद्दा जोड्ने गरेका छन् ।
विश्लेषकहरूका अनुसार, नेतृत्वको स्पष्टता नहुँदा आन्दोलन क्रमशः अमूर्त र शंकास्पद देखिन थालेको छ । "जसले सुरुमा आवाज उठाए उनीहरू अदृश्य भए, नयाँ समूहहरूले नाम मात्र लिए । यही कारण आन्दोलन ठूलो भए पनि वास्तविक केन्द्रबिन्दु देखिएन," उनीहरूको भनाइ छ ।
यसैबीच सरकारले वार्ताका लागि बोलाउँदा पनि कुन समूह प्रतिनिधि भनेर बोलाउने भन्ने अन्यौल देखिएको छ । यही कारण, जेनजी आन्दोलन अहिले 'स्वस्फूर्त' भन्दा पनि 'नेतृत्वविहीन' आन्दोलनको रूपमा चित्रित भइरहेको छ ।

### बलात्कार मुद्दामै..........

थिए । यसरी फरार हुनमध्ये एक थिए, सुनार पनि । उनै सुनार अहिले फेरि अर्को अपराध गरेको आरोपमा जेलभित्र छन् । सुनार यसअघि पनि बलात्कै कसुरमा जेल परेका व्यक्ति रहेको बोहराले बताए । एक महिलालाई बलात्कार गरेको घटनामा उनलाई अदालतले दोषी ठहर गरेको थियो । बलात्कारको कसुरमा सुनारलाई ९ वर्ष कैद सजाय तोकिएको थियो । पछिल्लो दुई वर्षदेखि उनी कारागारमा कैद भुक्तान गर्दै थिए । यही क्रममा भागेका उनी फेरि पहिलाकै जस्तो बलात्कार प्रयासको आरोपमा पक्राउ परका हुन् । कारागारबाट भागेकामध्ये अहिले ४५ जना पक्राउ परेर कारागार फिर्ता भइसकेका छन् । अहिले भने कारागारमा ६६ जना कैदीबन्दी रहेको पाइएको छ ।

### बारामा कर्फ्यू.............

राति ८ बजेसम्म कलैया र जीतपुर सिमरा उपमहानगर क्षेत्रमा कर्फ्यू जारी गरेको थियो । त्यसपछि स्थिति थप संवेदनशील बनेपछि भदौ २५ गते बिहान ६ बजेदेखि जिल्लाभर नै कर्फ्यू लगाइएको थियो । सो दिनदेखि नै सेनासमेत सडकमा परिचालन गरिएको थियो । प्रशासनले आज सूचना जारी गर्दै जिल्लामा निषेधाज्ञा वा कर्फ्यू आदेश कायम नरहेको स्पष्ट पारेको छ । तर, जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने नागरिकता लगायतका सम्पूर्ण सेवाहरू अहिलेको लागि बन्द रहने जनाइएको छ ।

### जेनजीको जायज...........

अहिले आवाज नउठाए लोकतन्त्र नै संकटमा पर्ने र भविष्यको पुस्ताले लोकतन्त्र किताबमै मात्र पढ्नुपर्ने अवस्था आउने बताए । जनता समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष रामनरेश यादवले नेपाली जनताले ठूलो संघर्ष र बलिदानीका माध्यमबाट हालको उपलब्धि प्राप्त गरेको उल्लेख गर्दै गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतामाथि कुनै किसिमको हानि-नोक्सानी हुने गरी समाधान खोज्न नहुने बताए । उनले भ्रष्टाचारविरुद्ध आफूहरू पनि उभिएको र ती तत्त्वहरू पहिचान भइसकेकाले तिनलाई अलग

# स्वास्थ्य

## महिनावारी नजिकिँदा किन दुख्छ तल्लो ढाड ?




महिनावारीको मिति नजिकिँदा धेरै महिलाहरूले एकै किसिमको गुनासो गर्छन्–'तल्लो ढाड दुखेर बस्न उठ्नै गाह्रो हुन्छ ।'
यो समस्या महिनावारीको समय नजिकिँदा मात्र होइन । महिनावारी हुँदा पनि देखिन सक्छ । यस्तोमा प्रश्न उठ्छ, 'महिनावारी आउनै लाग्दा र महिनावारी हुँदा शरीरको यो भाग किन दुख्छ ? के सधैं यस्तो पीडा सहेर बस्नुपर्ने हो ? यसको कुनै उपचार छैन ? **किन दुख्छ ?** महिनावारी सुरु हुनुभन्दा केही दिनअघि महिलाको शरीरमा ' प्रोस्टाग्लान्डिन' नामक रसायनको उत्पादन बढ्छ । यो रसायनले पाठेघरको मांसपेशी खुम्चाउन मद्दत गर्छ, जुन गर्भाशय भित्रको रक्तस्राव बाहिर निकाल्न आवश्यक हुन्छ ।
तर, यही प्रोस्टाग्लान्डिनको मात्रा धेरै भएमा यो मांसपेशीहरू अत्यधिक खुम्चिन्छ, जसले पेटसँगै तल्लो ढाड र जाँघतिर चिसो किसिमको दुखाइ ल्याउँछ । यो कहिलेकाहीँ यति गहिरो र गम्भीर हुन्छ कि दुखाइ मेरुदण्डको तल्लो भाग हुँदै कम्मर र पिठ्यूँसम्म फैलिन्छ । **पाठेघर खुम्चिनु र ढाड दुखाइको सम्बन्ध**
पाठेघर शरीरको मध्य भागमा रहेको अङ्ग हो, जुन मेरुदण्ड नजिक हुन्छ । जब पाठेघरको मांसपेशी खुम्चिन्छ, त्यहाँका स्नायुहरू पनि प्रभावित हुन्छन् । विशेषतः तल्लो ढाडको क्षेत्रमा रहेका स्नायुहरूले पाठेघरबाट आउने सन्देशलाई ओसारपोसार गर्छन् । जब प्रोस्टाग्लान्डिनको कारण मांसपेशी धेरै तन्किन्छ, स्नायुहरूमाथि पनि दबाब पर्छ, जसको परिणामस्वरूप कम्मर दुख्ने अनुभव हुन्छ । **शरीरको संरचना पनि कारक** तल्लो ढाड दुखाइको एक अन्य महत्वपूर्ण कारण शरीरको संरचनागत अवस्था पनि हो ।
महिलाको नितम्ब क्षेत्र पुरुषको तुलनामा फराकिलो हुन्छ । पाठेघरको भार अगाडितिर ढल्किएको हुन्छ । जसले महिनावारीका बेला तल्लो मेरुदण्डमा चाप दिन सक्छ । महिनावारी नजिकिँदा गर्भाशय केही सुन्निएको वा भारी महसुस हुनसक्छ, जसले मेरुदण्डमा थप चाप सिर्जना गर्छ ।

साथै, लामो समय कुर्सीमा बस्ने, झुकेर मोबाइल चलाउने वा बसाइ आसन ठिक छैन, वा लामो समय बस्ने काम गर्नुपर्ने वातावरण छ भने महिनावारीको बेला यो असर अझ बढी देखिन्छ । महिनावारीको समयमा यो तनाव अझ चर्किन्छ, जसले गर्दा ढाड दुखाइ बढी महसुस हुन्छ । **तनाव र मानसिक अवस्था**
महिनावारीका दिनहरूमा मात्र होइन, त्यसको केही दिनअघि देखिने लक्षणहरूमध्ये तनाव, थकान र निद्रा नलाग्ने समस्या प्रमुख छन् ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्दको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# जेनजीको माग संविधान खारेज वा संसद विघटन थिएन : माधव नेपाल



*काठमाडौं, २६ भदौ ।*

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले जेनजी पुस्ताको माग संविधान खारेज र संसदको विघटन नभएपनि लोकतन्त्र विरोधीहरूले षड्यन्त्र गरेको बताएका छन् । उनका अनुसार जेनजी पुस्ताको माग लोकतन्त्रलाई कमजोर पार्ने नभई अझ जनपक्षीय बनाउन लक्षित थियो । उनले विज्ञप्ति जारी गर्दै भनेका छन्, "तर केही घुसपैठियाले लोकतन्त्र समाप्त पार्ने र अस्थिरता निम्त्याउने षड्यन्त्र गर्दैछन् । यो अवसरमा संसद विघटन र संविधान खारेज गरेर लोकतन्त्रको अन्त्य गर्न खोजिएको छ । जेनजी पुस्ताले यसमा सचेत रहनु आवश्यक छ ।" माधव नेपालले लोकतन्त्रको अस्तित्व नै रहेन भने सामाजिक सञ्जाल मात्र होइन, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र सङ्गठित हुने स्वतन्त्रता समेत जोखिममा पर्ने बताए । यसले भ्रष्ट्राचार र कुशासनविरुद्धका आन्दोलन गर्न समेत असम्भव हुने उनले जोड दिए । विज्ञप्तिमा भनिएको छ कि जेनजीले उठाएका मागको संवोधन वर्तमान संविधान र संसदभित्रै गर्न सकिन्छ । भ्रष्ट नेताहरूलाई कारबाही गर्न सकिन्छ र उच्चस्तरीय सम्पत्ति छानविन आयोग गठन गर्न सकिन्छ । संविधान संशोधनमार्फत जेनजीले चाहेको सुधार लागू गर्न सकिने माधव नेपालले बताए । उनले शीघ्र संविधान संशोधन गरेर चुनावमार्फत नयाँ जनादेश लिएर सरकार सञ्चालन गर्न सकिने धारणा व्यक्त गरेका छन् ।

# नख्खु कारागारबाट भागेका सञ्जय साह टक्ला पक्राउ



*जनकपुर, २६ भदौ ।*

ललितपुरस्थित नख्खु कारागारबाट फरार सञ्जय साह टक्ला काभ्रेबाट पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय मंगलटारको टोलीले उनलाई नियन्त्रणमा लिएको प्रहरी स्रोतले जानकारी दिएका छन् । टक्लालाई पुनः कैद भुक्तानका लागि कारागार पठाउने तयारी भइरहेको छ । टनाई जेनजी आन्दोलनको क्रममा नख्खु कारागारमा तोडफोड र आगजनी गर्दै फरार भएका थिए । सुरुमा सहकारी ठगीको मुद्दामा पुर्पक्षका लागि कारागारमा रहेका रवि लामिछानेलाई निकालिएको थियो, त्यसपछि टक्लासहित सबै कैदी फरार भएका थिए ।

पूर्वराज्यमन्त्री समेत रहेका टक्ला जन्मकैदको सजाय भोगिरहेका थिए । उनी १२ वर्षदेखि कारागारमा थिए ।

अदालतको आदेशअनुसार सञ्जय टक्ला १८ वैशाख २०६९ मा जनकपुरको रामानन्द चोकमा ५ जनाको ज्यान जाने गरी भएको बम विष्फोटका मुख्य नाइके थिए । त्यसैगरी, उनी रेडियो टुडेका सञ्चार उद्यमी अरुण सिंहानियाको हत्या योजनामा पनि मुख्य योजनाकार भएको आरोपमा सजाय भोगिरहेका थिए ।

# बलात्कार मुद्दामै ९ वर्षका लागि परेका थिए जेल भागेको भोलिपल्टै अर्को बलात्कार प्रयास



*काठमाडौं, २६ भदौ ।*

कारागारबाट भागेका एक कैदी भोलिपल्टै फेरि अपराधमा मुछिएका छन् । जेनजी आन्दोलनको फाइदा उठाउँदै कारागारमा तोडफोड र आगजनी गर्दै फरार भएका कन्चनपुरको दोधाराचाँदनी नगरपालिका-१ का ३५ वर्षीय दीपक सुनार फेरि बलात्कारकै प्रयास गरेको आरोपमा पक्राउ परेका छन् । एक महिलालाई बलात्कारको प्रयास गरेपछि स्थानीयले सुनारलाई पक्राउ गरेर प्रहरीमा बुझाएका हुन् । जिल्ला प्रहरी कार्यालय कन्चनपुरका प्रमुख तथा एसपी खडकबहादुर खत्रीका अनुसार, स्थानीयले पक्राउ गरेर बुझाएका उनलाई अहिले कारागारमा राखिएको छ । सुनारले दोधाराचाँदनीकी ५० वर्षीया महिलालाई बलात्कारको प्रयास गरेको आरोप छ । बुधबार खाना खाएर सुतेकी ती महिलालाई सुनारले जबरजस्ती गर्न खोजेका थिए । त्यसपछि ती महिला चिच्याएकी थिइन् । महिला कराएपछि सुनार भागेका थिए । भाग्दै गरेका उनलाई स्थानीयले लखेट्दै केही पर पुऱ्याएर खेतबाट नियन्त्रणमा लिएका थिए । त्यसपछि उनलाई इलाका प्रहरी कार्यालय दोधारामा बुझाइएको थियो । जिल्ला प्रहरी कार्यालय कन्चनपुरका प्रवक्ता सागर बोहराका अनुसार कन्चनपुर कारागारमा ४७९ कैदीबन्दी थिए । तीमध्ये २१ जना बाहेक सबै कैदीबन्दी फरार भएका

बाँकी तेश्रो पृष्ठमा⇨

# त्रिभुवन विमानस्थलमा "भीआईपी" सेवा स्थगित

*काठमाडौं, २६ भदौ ।*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रयोग हुँदै आएको 'भीआईपी' सुविधा अस्थायी रूपमा बन्द गरिएको छ ।

विमानस्थल कार्यालयले सूचना जारी गर्दै सबै यात्रुलाई नियमित मार्गबाटै प्रस्थान र आगमन गर्न अनुरोध गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार असहज परिस्थितिबीच राजधानीसहित विभिन्न सहरमा रोकिएका सामान्य यात्रुलाई प्राथमिकता दिन 'भीआईपी' कक्ष बन्द गर्ने निर्णय लिइएको हो । प्राधिकरण स्रोतले भन्यो, "यस कदमले अवस्था सामान्यीकरण गर्न सहज हुने विश्वास लिइएको छ ।"

# किन नेतृत्वविहीन रह्यो जेनजी आन्दोलन ?



*काठमाडौं, २६ भदौ ।*

सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध उत्रिएको भनिएको जेनजी पुस्ताको आन्दोलन सुरुवाती चरणमै नेतृत्वविहीन बनेको छ । गत शुक्रबार रेडिट र डिस्कर्डजस्ता वैकल्पिक प्लेटफर्ममार्फत आन्दोलनको घोषणा गरिएको थियो । तर को घोषणा गऱ्यो, कसले नेतृत्व गर्छ भन्ने यकिन हुन सकेन । विभिन्न समूह र पेजहरू देखिए पनि सबैले आफूलाई मात्र प्रामाणिक ठहर्याउने प्रयास गरे, एकआपसमा सहमति भने देखिएन । माइतीघरमा सोमबार भएको प्रदर्शन व्यवस्थापन गर्न 'हामी नेपाल' समूह अघि सरेको थियो । करिब एक लाख नजिक सदस्य भएको यो समूहले आफू आयोजक नभई व्यवस्थापक मात्र भएको दाबी गर्दै आएको छ । तर घटनाक्रम अघि बढेसँगै यसै समूहले आन्दोलनको वास्तविक नेतृत्व सम्हाल्ने संकेत देखाएको छ । यसअघि 'जेनजी नेपाल', 'जेनजी स्पिक्स', 'जेनजी मुभमेन्ट नेपाल' लगायतका विभिन्न नामका डिस्कर्ड वा फेसबुक ग्रुप बने । तर ती समूहहरूबीच समन्वय नभई प्रतिस्पर्धा मात्र चलेको देखियो । कतिपय पुराना पेज वा ग्रुपहरूले आफ्नो नाम नै बदल्दै 'जेनजी' जोडेर प्रचार थाले, जसले आन्दोलनलाई अझ अस्पष्ट बनायो । रेडिट र डिस्कर्डमा सुरु भएको अभियान शनिबार र आइतबारसम्ममा टिकटक, फेसबुक, इन्स्टाग्राम हुँदै व्यापक फैलियो । विभिन्न राजनीतिज्ञदेखि सेलिब्रेटीले समेत समर्थन जनाए । तर नेतृत्वको प्रश्न भने अनुत्तरित रह्यो । यही बीचमा विवादित व्यक्तित्व दुर्गा प्रसाईंको नाम जोडिएपछि आन्दोलनभित्रै ठूलो विरोध भयो । केहीले भेटे पनि उनी अग्रपंक्तिमा आउन नदिने अडान लिए । यसले आन्दोलन अझ असंयोजित भएको देखियो । त्यतिबेला रेडिटमा देखिएको आईएनआरजी नामक समूह लापता जस्तै भयो भने नयाँ नयाँ अकाउन्ट र पेजहरू खोल्ने लहर सुरु भयो । कतिपय अकाउन्ट त पोस्ट गरेपछि हटाइएका थिए । यसरी प्रारम्भिक आव्हानकर्ताहरू अदृश्य बनेपछि नेतृत्वको अभाव झन् स्पष्ट भयो । अहिले विभिन्न ठूला ग्रुप वा पेजहरूले जेनजी आन्दोलनलाई आफ्नो नाममा 'ब्रान्ड' गर्न थालेका छन् । तर एउटै आवाज वा एउटै मागमा सहमति हुन सकेको छैन । कतिपयले भ्रष्टाचार अन्त्य र

बाँकी तेश्रो पृष्ठमा⇨

# कटहरियामा अराजकता नियन्त्रण गर्न ११ सदस्यीय सर्वपक्षीय समिति गठन



*रौतहट, २६ भदौ ।*

रौतहटको कटहरिया बजारमा शान्ति सुरक्षा कायम गर्न स्थानीयस्तरबाट ११ सदस्यीय सर्वपक्षीय समिति गठन गरिएको छ । निषेधाज्ञा र कर्फ्यूको बेला लुटपाट वा अशान्ति फैलिने आशंका भएपछि समाजसेवी, व्यापारी, पत्रकार, युवा र प्रशासन प्रतिनिधिहरूबीच बसेको बैठकले समितिको गठन गरेको हो । समितिमा पूर्वप्रदेश सांसद कुन्दन कुशवाहा, पूर्वमेयर सियाराम कुशवाहा, व्यवसायी योगेन्द्र साह, पत्रकार सञ्जय मिश्रा, नसरुदिन अन्सारी, सर्फलाल गुप्ता, रामेश्वर साह कानु, रामाप्रवेश साह, कामेश्वर साह, अच्छेलाल साह र प्रकाश श्रेष्ठ रहेका छन् । समितिले प्रहरीसँग समन्वय गर्दै कटहरिया बजार र आसपासका क्षेत्रमा सुरक्षात्मक गस्ती गर्ने, युवालाई संगठित गरेर प्रहरी र सशस्त्र प्रहरीसँग मिलेर प्रत्येक रात जाग्राम बस्ने निर्णय गरेको छ । जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि सबैलाई सतर्क रहन आग्रह गर्दै गस्तीलाई तीव्र पार्ने बताए । प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले नागरिक तहबाट आएको यो पहल सुरक्षाका लागि ठूलो टेवा हुने भन्दै स्वागत गरेका छन् ।

# प्रहरीले कारागारबाट फरार कैदीबन्दीलाई तत्काल सम्पर्कमा आउन आह्वान

*काठमाडौं, २६ भदौ ।*

नेपाल प्रहरीले जेनजी आन्दोलनको क्रममा कारागारमा भएको हिंसा र आगजनीपछि फरार भएका सबै कैदीबन्दी र अभियुक्तहरुलाई तत्काल सुरक्षा निकायसँग सम्पर्कमा आउन आग्रह गरेको छ । भदौ २३ र २४ मा देशभर भएको प्रदर्शनका क्रममा विभिन्न कारागार र प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएको थियो । त्यस क्रममा कैदीबन्दी र हिरासतमा रहेका अभियुक्तहरु फरार भएका थिए । प्रहरी प्रधान कार्यालयले बिहीबार जारी गरेको सूचनामा भनिएको छ, "त्यस्ता अभियुक्त र कैदीबन्दीहरुलाई सम्बन्धित जिल्लाको प्रहरी कार्यालय, स्थानीय प्रहरी इकाई वा अन्य सुरक्षा निकायमा यथाशीघ्र सम्पर्कमा आउन अनुरोध गर्दछौं । यसबाट उनीहरूले थप कारबाहीबाट बच्न र अनुसन्धानमा सहयोग पुऱ्याउन सक्नेछन् ।"


## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

❖ पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
❖ चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
❖ खेतीपातीमा बिषादीको प्रयोग घट्छ,
❖ फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
❖ एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
❖ मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
❖ चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
❖ जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
❖ प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा